# न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७

प्रमाणीकरण र प्रकाशन मिति

२०६७।१२।१५।३

प्रस्तावना : न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. नागरिक अधिकार ऐन, २०१२ मा संशोधन : नागरिक अधिकार ऐन, २०१२ को,-

(१) दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैंले वा अरु कसै मार्फत् बन्दीप्रत्यक्षीकरणको आदेशको निमित्त



www.lawcommission.gov.np

सम्बन्धित पुनरावेदन अदालत वा जिल्ला अदालतमा उजुरी दिन सक्नेछ ।"

(२) दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यस ऐनद्वारा प्रदत्त आफ्नो कुनै अधिकारमा कसैले आघात गर्ने शङ्का लागेमा सम्बन्धित पुनरावेदन अदालत वा जिल्ला अदालतमा उजुरी दिन सकिनेछ ।"

३. नगर विकास ऐन, २०४५ मा संशोधन : नगर विकास ऐन, २०४५ को,-

(१) दफा १० को,-

(क) उपदफा १०.२ मा रहेका "दफा २० बमोजिमको पुनरावेदन समिति समक्ष" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित पुनरावेदन अदालत समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) ठाउँ ठाउँमा रहेका "पुनरावेदन समिति" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १८ को उपदफा १८.५ मा रहेका "पुनरावेदन समितिमा" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

नेपाल कानून आयोग

(३) दफा १९ मा रहेका "दफा २० बमोजिमको पुनरावेदन समितिमा" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा २१ मा रहेका "समिति वा पुनरावेदन समितिका सदस्य" भन्ने शब्दहरुको सट्टा "समितिका सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा २७ पछि देहायको दफा २७क. थपिएको छ :-

"२७क. पुनरावेदन अदालतमा मुद्दा सर्ने : यो दफा प्रारम्भ हुनु अघि तत्काल कायम रहेको पुनरावेदन समितिमा दायर भई छिन्न बाँकी रहेका मुद्दाहरु सम्बन्धित पुनरावेदन अदालतमा सर्ने छन् ।"

(६) दफा २० खारेज गरी सो दफा बमोजिम रहेको पुनरावेदन समिति विघटन गरिएको छ ।

४. न्याय प्रशासन ऐन, २०४८ मा संशोधन : न्याय प्रशासन ऐन, २०४८ को,-

(१) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. जिल्ला अदालतको अधिकार क्षेत्र : (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार हुनेछ ।

नेपाल कानून आयोग

(२) जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुर्‍याएमा सो हकको प्रचलनको लागि आवश्यकता अनुसार बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुनेछ ।"

(२) दफा ८ को उपदफा (२) मा रहेका "परमादेश" भन्ने शब्द पछि "उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा" भन्ने शब्दहरु थपिएका छन् ।

(३) दफा ९ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चीस हजार रुपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रुपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा ।"

(४) दफा २३ को उपदफा (१) मा रहेका "पुनरावेदन अदालत र सर्वोच्च अदालतको" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतको" भन्ने

नेपाल कानून आयोग

शब्दहरु राखी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

“तर,

(१) सर्वोच्च अदालत रहेको ठाउँमा पुनरावेदन अदालत र जिल्ला अदालतको न्यायाधीशलाई र पुनरावेदन अदालत रहेको ठाउँमा जिल्ला अदालतको न्यायाधीशलाई यस उपदफा बमोजिम निवेदनपत्र सुनुवाई गर्ने प्रयोजनको लागि तोकिने छैन ।

(२) एउटा मात्र न्यायाधीश भएको जिल्ला अदालतको हकमा सर्वोच्च अदालतले व्यवस्था गरे बमोजिम हुनेछ ।”

५. श्रम ऐन, २०४८ मा संशोधन : श्रम ऐन, २०४८ को दफा ७२ को सट्टा देहायको दफा ७२ राखिएको छ :-

“७२. श्रम अदालतको गठन : (१) यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक संख्यामा श्रम अदालत गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको श्रम अदालतको मुकाम तथा प्रादेशिक क्षेत्राधिकार सोही सूचनामा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम एउटा मात्र श्रम अदालत गठन भएकोमा त्यस्तो अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र सो अदालतले आवश्यकता अनुसार नेपालभित्र अन्य ठाउँमा पनि इजलास कायम गर्न सक्नेछ ।

(४) श्रम अदालतको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेको श्रम अदालत यस ऐन बमोजिम नै गठन भएको मानिनेछ ।”